# फाल्गुनन्द राजपत्र
# फाल्गुनन्द गाउँपालिका
# कोशी प्रदेश

**खण्डः७** **संख्याः १** **मितिः२०८०/०७/२१**


## फाल्गुनन्द गाउँकार्यपालिका
## आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–१० दफा ७० बमोजिम यस फाल्गुनन्द गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट केहि रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँ कार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक र न्यून आय भएका व्यक्तिलाई उपचारमा सहायता प्रदान गर्न आर्थिक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

### <u>परिच्छेदः १ संक्षिप्त नाम र प्रारम्भ</u>

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० भन्ने बुझ्नुपर्छ

(ख) "कोष" भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका बुझ्नुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

(ङ) "जनप्रतिनिधि" भन्नाले फाल्गुनन्द गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि भन्ने बुझ्नुपर्छ।

(च) "कर्मचारी" भन्नाले फाल्गुनन्द गाउँपालिकाका स्थायी कर्मचारी बुझ्नुपर्छ.।

(ङ) “आकस्मिक कार्य” भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, रोग व्याधी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत सिर्जना भई मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर तथा विरामी भइ उपचार गराउनु पर्ने विपन्न व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

**३. कोष स्थापनाः-** (१) आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

## परिच्छेदः २ कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणाः-** फाल्गुनन्द गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सर्जित विपद्बाट प्रभावित व्यक्ति परिवार तथा संघ–संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अङ्गभङ्ग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पु¥याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्यः-** प्राकृतिक तथा मानव सर्जित विपद्को प्रकोपमा परी उपचार गर्नु पर्ने व्यक्ति तथा परिवार साथै महामारीजन्य घटनाबाट प्रभावितहरुलाई तत्काल राहत तथा उपचार सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अङ्गभङ्ग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ।

**७. उद्देश्यः-** (१) विपद् पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउने, (२) आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

**८. नीतिः-** (१) विपद् तथा महामारी पीडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापनातर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरी आएको महामारी जन्य घटना तथा विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्यूनीकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अङ्गभङ्ग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

## परिच्छेदः ३ कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः-** (१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागि फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

(२) महामारी जन्य समस्या सिर्जना लगायत विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

(३) बुँदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेदः ४ कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१०. कोषको वित्तीय व्यवस्थापनः-** (१) कोषमा देहायका रकमहरु रहने छन्

(क) गाउँसभाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

**११. कोषको आर्थिक व्यवस्थाः-** कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. कोषबाट हुने खर्चः** कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गरिनेछ।

क. राहत तथा आर्थिक सहायताः महामारी जन्य घटनाबाट गाउँपालिका भित्र कुनै व्यक्तिको मृत्यू भएमा परिवारलाई किरिया खर्च वापत एकमुष्ट रु ५००००।— ( अक्षरेपी पचास हजार) उपलब्ध गराइने छ।

ख. उपचार खर्चः (१) गाउँपालिकाका विपन्न नागरिकहरुलाई कुनै किसिमको रोग भएको भनि चिकित्सकले प्रमाणित गरि गरेको सिफारिसको आधारमा यातायत खर्च वापत रु १३५००।- (अक्षरेपी तेह्र हजार पाँच सय) सम्म उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकमबाट निजले परिवारको स्वास्थ्य विमा अनिवार्य गराउनु पर्नेछ। त्यसरी विमा वापत लाग्ने रकम मध्ये रु ३५००।— (अक्षरेपी पैतिस सय) उपदफा (१) बमोजिम पाउने रकमबाट कट्टा गरेर बाकी रकम मात्र खातामा भुक्तानी गरिनेछ।

(३) गाउँपालिका भित्र कुनै बेवारिसे सव फेला परेमा, सवारी दुर्घटना भइ मृत्यू भएमा दाह संस्कार गर्न रु १५०००।— ( पन्ध्र हजार) सम्म सहायता उपलब्ध गराइनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम सहायता प्राप्त गर्ने व्यक्तिहरुले मान्यता प्राप्त चिकित्सक र वडा कार्यालयबाट स्पष्ट रुपमा विपन्न नागरिक भएको सिफारिस अनिवार्य समावेश गर्नु पर्नेछ।

(५) जनप्रतिनिधि र कर्मचारी सहायता सम्बन्धी व्यवस्थाः गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग लागी उपचार गराउनु पर्ने भएको अवस्थामा चिकित्सकको सिफारिस बमोजिम कार्यपालिकाको निर्णयले रु १०००००।— ( अक्षरेपी एक लाख) सम्म सहायता उपलब्ध गराइनेछ।

(६) उपचार सहायता प्राप्त गर्ने व्यक्तिहरुले चालु आ.व.मा उपचार गरेको प्रमाण पेश गर्नु पर्नेछ। अन्यता आर्थिक सहायता उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।

**१३. आर्थिक सहायताको निर्णयः-** (१) आर्थिक सहायता दिदा तोकिएको सिमा भित्र रहेर मात्र आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। व्यक्तिको उपचार खर्च र विपन्नता हेरी आर्थिक सहायता दिने नदिने निर्णय दफा १२ (५) बाहेकको हकमा गाउँपालिका अध्यक्षको तोक आदेश बमोजिम आर्थिक सहायता उपलब्ध गराइने छ।

**१४. प्रशासनिक व्यवस्थाः-** कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाको कर्मचारीबाट नै सञ्चालन गरिनेछ ।

## परिच्छेदः ५ विविध

**१५. आकस्मिक कोषको रकम वृद्धि गर्न सक्नेः-** गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गराउन सक्नेछ ।

**१६. जाँचपास तथा फरफारकः-** कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. कार्यविधिको संशोधनः** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१८. बचाउ र खारेजीः-** (क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) यो कार्यविधि जारी हुनु भन्दा अगाडी उपलब्ध गराइएको सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(ग) फाल्गुनन्द गाउँपालिकाको आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७६ खारेज गरिएको छ।

आज्ञाले

श्री निर्मल तुम्रोक

प्रमुख प्रशासकीय अधिकृत